कार्यक्रमको अन्त्यमा विशेषज्ञ र सरोकारवालाले खुला छलफलमार्फत नेपालमा क्यान्सर भएका तथा जीवन सीमित अवस्थाका बालबालिकाका लागि सहयोगी संरचनालाई अझ सुदृढ बनाउन के-कस्ता कदम चाल्न सकिन्छ भन्ने विषयमा सामूहिक विचार आदानप्रदानगरे । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखाका प्रतिनिधि तथा अन्य स्वास्थ्य पेशेवरले प्रवर्द्धनका लागि आफ्नो प्रतिबद्धता व्यक्त गरेका थिए ।


## हार्दिक श्रद्धाञ्जली



जन्म
२००८/०९/१५

स्वर्गारोहण
२०८२/०७/०६

**स्व. सेते लामा**

हाम्रा यस जन आकाश मिडियाका शुभचिन्तक निर्माण व्यवसायी, समाजसेवी सेते लामाको ७३ बर्षको उमेरमा असामयिक निधन भएकोले आज ४९ औं दिनको पून्य तिथिमा दिवंगत आत्मको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं ।

**मोहन कार्की**
**अध्यक्ष**
**जन आकाश मिडिया प्रा.लि. परिवार**

## साउदीमा रोजगार

कम्पनी : GLOBAL INTELLIGENCE UNIFORM FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०८/२३ | LT. No. 335024 | चलानी नं.६०२४८६५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1500 | ५७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २ गते (17th Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## कुवेतमा रोजगार

कम्पनी : CROKAN WHOLESALE AND RETAIL TRADING COMPANY | शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८२/०८/२२ | चलानी नं.: ६०२४८५९४ | LT.No.: 334960

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 9 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ६०,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver | 2 | 0 | | 140 | ६५,५८३ | | | | | | | |
| 3. | Waitress | 0 | 4 | | 140 | ६५,५८३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २ गते (17 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com


## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०८/२४**

यस सा.व.उ.स. वाट मिति २०८२/०८/२३ मा प्रथम पटक २१ दिने वन पैदावार लिलाम विक्री सम्वन्धी सूचना प्रकाशन गरिएकोमा उक्त सूचना संशोधन गर्नु पर्ने भएकोले यस सा.व.उ.स. वाट संकलन भएको साल गोलिया काठ ९५९.७६ क्यू फिट र साल दाउरा ३ चट्टा तथा जिल्ला वन पैदावार आपूर्ति समिति, तनहूँवाट सा.व.उ.स. मा फिर्ता भएको साल गोलिया काठ २६१.४४ क्यू फिट लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ । **झाँक्रीथुम्का सा. वन उपभोक्ता समूह, भानु ६, तनहूँ ।**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०८/२४ गते**

यस कम्पनीको मिति २०८२/०८/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **राघव तथा आरम्भ कृषि फार्म**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **चितवन आधुनिक फेशन (प्रा.लि.नं. २९२५२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## मूल्य सूचीको सूचना !

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०८/२४ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्त:शूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.११५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१३०/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा

## दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभाग, काठमाडौंको
### सूचना

प्रकाशित मिति: २०८२/०८/२४

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **FAST EMPLOYMENT SERVICE PVT. LTD.** (ई.प.नं. 1399/074/75) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम मृत्युपछिको हक हस्तान्तरण शेयर दा.खा. नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०८२/०८/२३ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविक शेयरधनीहरूको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरूको नाम र शेयर संख्या |
|---|---|
| १. छत्र बहादुर बस्नेत - ०१ देखि २५००० सम्म र - ५०००१ देखि ७५००० सम्म<br>२. गोपाल प्रसाद पाण्डेय - २५००१ देखि ५०००० सम्म - ७५००१ देखि १००००० सम्म | १. गोपाल प्रसाद पाण्डेय -०१ देखि १००००० सम्म |

## वैदेशिक रोजगार विभागको
### सार्वजनिक सूचना

*प्रकाशित मिति २०८२/०८/२४ गते*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल वमोजिमका श्री HIMALAYAN HUMAN RESOURCE RECUITMENT Pvt.Ltd. (ई.प.नं. १७४४/०८१/०८२) काठमाडौंको सञ्चालक/शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा.नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरी दिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हकस्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग वमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकका शेयरधनीहरूको नाम | अब कायम हुने शेयरधनीहरूको नाम |
|---|---|
| १. श्री अनिसा कुवर (०१-९५०००) | १. श्री अनिसा कुवर (०१-९०,०००) |
| २. श्री युवराज ढकाल (९५००१-१,००,०००) | २. श्री युवराज ढकाल (९५००१-१,००,०००) |
| | ३. राज कुमार गजुरेल (९०,००१-९५,०००) |

## Buddhashanti Rural Municipality
# Office of The Rural Municipal Executive
**Budhabare, Jhapa**
**Koshi Province, Nepal**

# Invitation For Electronic Bid

**Date of First Publication: 2082-08-24**

Buddhashanti Rural Municipality office invites electronic bid from Nepalese eligible bidders under National Competitive Bidding procedures as mentioned below.

**Details of the Bid :**

| SN. | Contract Id No. | Description of Project | Bidding Procedures | Cost of Bid Document | Pre Bid Meeting Date & Time | Bid Security Amount | Bid Security Validity Period up to | Estimated Cost (Inclusive of VAT & PS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/ WORKS/082/083-05 | Construction works of Blacktopped of Buddhashanti RM-2 Company Marga JBS boarding Road | NCB (1S1E) | 3,000.00 | 2082-09-16 at 14:00PM | 70,000.00 | 120 days | Rs..24,63,466.79 |
| 2 | BRM/NCB/ WORKS/082/083-06 | Construction work of Laxmi Narayan community building in Buddhashanti RM ward no 1 | NCB (1S1E) | 3,000.00 | 2082-09-16 at 14:00PM | 70,000.00 | 120 days | Rs. 25,88,525.64 |

**Bid Schedule & Bank Account Details:**

| Last Date, Time of Bid Submission | Date & Time of Bid Opening | Bank Account Details: For Purchase of Bid Document | Bank Account Details: For Bid Security |
|---|---|---|---|
| 12 pm on 28th Poush 2082 | 1 pm on 28th Poush 2082 | Name of the Bank: NIC Asia Bank Ltd.<br>Account Name: GA1.1-ANTARIK RAJASWA KHATA-BUDDHASHANTI GAUPALIKA<br>Office Account no.: 0852055499513007<br>Office Code no. : 80101327<br>Rajaswa (revenue) Shirshak no. : 14229 | Name of the Bank: NIC Asia Bank Ltd.<br>Account Name: GA 3 - DHARAUTI KHATA-BUDDHASHANTI GAUPALIKA<br>Office Account no.: 85CA499513524003 |

For detail notice bidder can access from www.bolpatra.gov.np/egp.

Bidder is open to all eligible bidders. The office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Admnninistrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## शरम मान्नुपर्ने श्रम कुटनीति

श्रम रोजगारको आकर्षक गन्तव्य मुलुकमध्ये मलेसिया पनि एक हो । श्रम गर्न पुगेकामा विभिन्न समस्या देखिन थालेपछि त्यहाँको सरकारले दश बुँदे मापदण्ड बनायो । जुन मापदण्ड पुगेका म्यानपावरले मात्र कामदार पठाउन भन्दै मलेसियाको परराष्ट्र मन्त्रालयले अक्टोबर २७ मा नेपाललाई पत्र पठायो ।

मापदण्ड पुगेका म्यानपावर कम्पनीलाई १५ दिनभित्र कागजान पेश गर्न मलेसियाले भनेको थियो । तर उक्त मापदण्डको म्यानपावर व्यवसायीले विरोध जनाए । त्यसपछि मापदण्ड पुगेका कम्पनीले पनि कागजात पेश गरेन । फलस्वरूप नेपालले तत्काल यो मापदण्ड पुरा गर्न नसक्ने भन्दै मलेसियालाई जवाफ पठायो । नोभेम्बर ७ मा नेपालले कूटनीतिक नोट पठाएको थियो । तर महिना दिनबित्दा पनि यो कूटनीतिक नोटको जवाफ मलेसियाले पठाएको छैन ।

उक्त पत्रको जवाफ नआएसँगै मलेसिया वैदेशिक रोजगार क्षेत्रमा जान चाहनेहरू अलपत्र परेका छन् । सरकारकै जिज्ञासा अलपत्र परेको अवस्थामा रोजगारमा जान इच्छुकको चाहना अलपत्र पर्नु ठुलो विषय पनि भएन । तर यो श्रमको विषय सरकारका लागि शरमको विषय हुनुपर्ने हो । सरकारले मलेसियाको परराष्ट्र मन्त्रालयले तोकेर पठाएको मापदण्ड पुरा गर्न नसक्ने भन्दै कुन आधारमा कूटनीतिक नोट पठायो । के कूटनीतिक नोट पठाएकै थियो कि ढाकछोप गर्नका लागि मात्र नपठाए पनि पठाइसक्यो भनेर झुक्याएको हो । यसबारे श्रम मन्त्रालयले प्रस्ट पारेको छैन । नेपालमा पछिल्लो समय जनताको आँखामा छारो हाल्न सरकारले मिडियाबाजी गर्ने, अफवाह फैलाउने काम पनि गर्ने गरेको छ ।

हाल मलेसियामा सुरक्षा गार्ड, प्लान्टेसन, कृषि, गार्मेन्टलगायतका क्षेत्रबाट श्रमिकको माग आइरहेको छ । यद्यपि यी क्षेत्रहरूमा थोरैमात्र श्रमिक गइरहेका छन् । चालु आर्थिक वर्ष २०८२/८३को चार महिनामा १२ हजार ६५ जना संस्थागत माध्यमबाट मलेसिया गएको तथ्याङ्क छ । अबको एक महिनापछि मलेसिया जाने श्रमिकको संख्या उल्लेख्य रूपमा वृद्धि हुनुपर्ने हो ।

मलेसियाबाट मागहरू आइरहेको र इजाजतप्राप्त संस्थाले पनि काम गरिरहेको अवस्थामा प्रतिक्रिया आउन ढिलाइ हुन नहुने हो । नभए महिना दिनसम्म कुनै प्रतिक्रिया नदेखाउनु भनेको नेपाललाई प्राथमिकतामा नराख्नु हो । यसो गर्नु नेपाली श्रमिकको उपेक्षा गर्नु हो वा नेपाली प्रशासनको ढिलाईको बेवास्ता गर्नु हो । यसले झनै अन्यौल र शंका गर्ने ठाउँहरू देखिएको छन् भने मलेसिया जान खोज्ने श्रमिकहरूमाथि अझ शोषणपूर्ण अभ्यासलाई बढावा हुनसक्छ । त्यसैले यसबारे चाँडै सचेत बनेर कूटनीतिक पहल थालौं ।

**श्रम सरोकार**

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# देउवाको आशीर्वाद लिएर कांग्रेस सभापतिमा उम्मेदवारी दिँदैछु



नेपाली कांग्रेसको १५औं महाधिवेशनमा वर्तमान सभापति शेरबहादुर देउवा सभापतिका उम्मेदवार हुने छैनन् । उनलाई विधान बाधक छ । त्यसो भए कांग्रेसको १५औं महाधिवेशनबाट सभापति को बन्छन् ? के जेन-जी भावनाअनुसार युवा नेतृत्व कांग्रेसको सभापति बन्लान् ? यो सवाल पनि टड्कारो रूपमा उठेको छ । सभापतिका लागि यसपटक पनि आकांक्षी देखिएका छन्- युवा नेता कल्याण गुरूङ । १४औं महाधिवेशनमा पनि उनी अध्यक्षका उम्मेदवार थिए । त्यसबेला हालका सभापति शेरबहादुर देउवासँग पराजित गुरूङ फेरि उम्मेदवार बन्ने तयारीमा छन् । उनै गुरूङसँग *प्रभावकर्मी* **जेबी योञ्जन**ले गरेको महाधिवेशनकेन्द्रित संवाद :

**कल्याण गुरूङ**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस

**अब कांग्रेस महाधिवेशन त हुने नै भयो । तपाईं सभापतिको उम्मेदवार बन्ने निश्चित हो ?**

नेपाली कांग्रेसको १५औं महाधिवेशनमा म केन्द्रीय सभापति पदको उम्मेदवार हुँ । प्यानलसहित चुनाव लड्छु । 'कदमजमथामु'बाट केन्द्रीय सभापति अहिलेसम्म भएको छैन । त्यसैले यसपटक सबै साथीहरूले कदमजमथामुबाट केन्द्रीय सभापति चयन गर्नुभयो भने त्यसले पार्टीलाई भोलिको दिनमा सबैका लागि 'ल्यान्ड अफ अपर्चुनिटी' अर्थात् अवसरको भूमि हो, कांग्रेसमा सबैलाई न्याय हुन्छ, सबैले अवसर पाउँछन् र सबैको सहभागिता हुन्छ भन्ने सुनिश्चितता गर्छ ।

सबैको समान भूमिका हुन्छ । समान अवसर हुन्छ । यो कुराले अन्य मानिसहरूलाई एउटा सन्देश दिन सक्छ । त्यसका लागि नेपाली कांग्रेसका सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरू, शुभेच्छुक, समर्थकहरू र पार्टी नेतृत्वले कदमजमथामुबाट यसपटक केन्द्रीय सभापतिको चयन गरिदिनुभयो भने त्यसले राम्रो सन्देश आम जनतामा जान्छ ।

**'कदमजम' त पछाडि पारिएका समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउन ११औं महाधिवेशनमा देउवाले अघि सारेको राजनीतिक दृष्टिकोण हो । तर, तपाईंले 'कदमजमथामु' नयाँ राजनीतिक शब्दावली प्रयोग गर्नुभयो, के हो यो ?**

कदमजमको 'क' भनेको कर्णाली, 'द' भनेको दलित, 'म' भनेको महिला, 'ज' भनेको जनजाति र 'म' भनेको मधेसी हो । त्यस्तै, 'था'- भनेको थारु र 'मु' भनेको मुस्लिम । खसार्य समुदाय त छँदै छ ।

यी सबै समुदायलाई जोडेर समग्र नेपालको प्रतिनिधित्व हुने गरेर हामीले सहमहामन्त्री व्यवस्था गरेका छौं । अब पार्टीको नेतृत्व कदमजमथामुबाट चयन गर्न सबैले सहयोग गर्नुपर्छ । यदि हामीले कदमजमथामुबाट पार्टीको नेतृत्व चयन गर्न सक्यौं भने सम्पूर्ण नेपालीहरूमा एउटा सन्देश जान्छ -कांग्रेस अवसरको भूमि हो ।

सबै समुदायलाई कांग्रेसमा निर्भीक भएर आफ्ना दृष्टिकोण राख्ने र आफ्नो व्यक्तित्व विकास गर्ने प्रतिस्पर्धामा भाग लिने अवसरहरू हुन्छन् । प्रतिस्पर्धाबाटै हामी नेतृत्व चयन गर्छौं तर नेतृत्व चयन गर्दाखेरि यसपटक कदमजमथामुबाट गर्नैपर्छ । कदमजम सभापति शेरबहादुर देउवाले एघारौं महाधिवेशनबाट ल्याउनुभयो । यसको सैद्धान्तिक प्रतिपादन प्रदीप गिरीजीले गर्नुभयो । पहिले दमजम भनेर आयो । पछि 'क' जोडियो र कदमजम भयो । अब थारु र मुस्लिम समुदायलाई पनि जोड्नुपर्ने भएकोले कदमजमथामु भनिएको हो । यो शेरबहादुर देउवाको राजनीतिक विचारधारामा थपिएको विचारधारा हो ।

त्यसो हुनाले उहाँकै मार्गनिर्देशन र वर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का नै विधान मस्यौदा समितिको संयोजक हुँदा यो विधानमा राखिएको हो । त्यसैले मलाई लाग्छ, अब कदमजमथामुबाट कांग्रेसको सभापति चयन हुन सक्यो भने त्यसले राष्ट्रिय रूपमा सबै समुदायमा र अन्तर्राष्ट्रिय रूपमा जहाँ नेपाली समुदायहरू बस्नु भएको छ, त्यहाँ राम्रो सन्देश जान्छ ।

**बीपीदेखि देउवासम्म जो-जो सभापति भए, सबै खसआर्य समुदायबाट भए । अब चाहिँ कदमदमथामुबाटै हुन्छन् त ?**

१५औं महाधिवेशनमा मलाई के विश्वास लाग्छ भने अब समग्र नेपालको प्रतिनिधित्व नेपाली कांग्रेसमा झल्काउँछौं । कांग्रेसको नेतृत्वमा समग्र नेपालको प्रतिनिधित्व झल्किन सक्छ है, कर्णाली प्रदेशका मानिसहरू नेतृत्वमा पुग्न सक्छन्, जनजाति समुदायका मानिसहरू नेतृत्वमा पुग्न सक्छन्, मधेसी समुदायका मानिस नेतृत्वमा पुग्न सक्छन्, दलित समुदायका मानिस नेतृत्वमा पुग्न सक्छन्, महिला नेतृत्वमा पुग्न सक्छन्, थारु समुदायका मानिसहरू पनि नेतृत्वमा पुग्न सक्छन्, मुस्लिम समुदायका मानिसहरू पनि नेतृत्वमा पुग्न सक्छन् । त्यसो हुनाले हामीले त्यो प्रतिविम्बन महाधिवेशनमा गर्न सक्छौं ।

**तपाईं कांग्रेसलाई साँच्चिकै नेतृत्व प्रदान गर्न सक्नुहुन्छ त ? त्यो क्षमता तपाईंसँग छ ?**

म सक्छु भनेर त गरिरहेको छु । म त नेपाल विधार्थी संघको केन्द्रीय अध्यक्ष भइसकेको हुँ । पहिलोचोटी आमन्त्रित केन्द्रीय सदस्य १२औं महाधिवेशनबाट भए । १३औंमा निर्वाचित केन्द्रीय सदस्य भएँ । १४औं महाधिवेशनमा म केन्द्रीय सभापतिको पदमा निर्वाचन नै लडेँ । त्यसपछि म मनोनीत केन्द्रीय सदस्य भएँ । अब १५औं महाधिवेशनमा पनि म केन्द्रीय सभापतिको निर्वाचनमा लड्दै छु । नेपाली कांग्रेसभित्र सम्पूर्ण उमेर समूहका मानिसहरूलाई समेटेर जान्छु । अग्रजहरूलाई सम्मान गर्छु र न्याय दिन्छु । उहाँहरूको भूमिकामा कुनै कमी आउन दिन्नँ । सभापति शेरबहादुर देउवाको अभिभावकत्वमा नेपाली कांग्रेसलाई अगाडि बढाउने म प्रतिबद्धता व्यक्त गर्छु ।

> कदमजम जसको सैद्धान्तिक प्रतिपादक प्रदीप गिरी भए पनि राजनीतिक रूपले जन्म दिने, हुर्काउने, बढाउने, संरक्षण र सम्बर्द्धन गर्ने सम्पूर्ण श्रेय त सभापति देउवालाई नै जान्छ । उहाँले बारम्बार भनिरहनु भएको छ कि अब म युवालाई साथ दिन्छु, युवालाई अगाडि बढाउँछु । त्यसो हुँदा म युवा पनि हुँ । उहाँहरूको दाँजोमा म युवा नै हो ।

> जेनजीले उठाएका मागहरु सुशासन, भ्रष्टाचारमा शून्य सहनशीलता, समृद्ध नेपाल र सम्मुनत नेपालीको कुरा छ । राष्ट्रिय एकता, सामाजिक सद्भाव र धार्मिक संहिष्णुतासँगै राजनीतिक सद्भावसहितको राष्ट्रिय एकताको आवश्यकताको सवाल छ । त्यसलाई म अगाडि बढाउँछु ।

**तपाईंलाई देउवाको समर्थन रहन्छ त ?**

मेरो प्रयास उहाँको समर्थन लिन रहन्छ । अहिले मैले कुरा गरिसकेको छैन । मेरो अन्तिमसम्म प्रयास सभापति शेरबहादुर देउवाज्यूको समर्थन, आशीर्वाद र सहयोग लिन हुन्छ । त्यसको लागि म कोशिस गर्छु । उहाँसँग गएर कुरा गर्छु । अहिले मैले कुरा गरेको छैन । पहिले त म अग्रजहरूसँग कुरा गर्छु । उहाँहरूको साथ, सहयोग, समर्थन र आशीर्वाद लिने प्रयत्न गर्छु । त्यसैगरि सभापतिको साथ, सहयोग, समर्थन र आशीर्वाद लिने प्रयास गर्छु । म सबै उमेर समूहका मानिसहरूलाई समेटेर उहाँहरूलाई न्याय दिने, उहाँहरूलाई सम्मान दिने कुरामा प्रतिबद्धता जाहेर गर्छु र म युवाहरूलाई पनि भूमिका दिन्छु । महिलालाई भूमिका दिन्छु । खसआर्य समुदायका मानिसहरूलाई भूमिका दिन्छु र कदमजमथामु समुदाय समुदायका मानिसहरूलाई भूमिका दिन्छु ।

**चौधौं महाधिवेशनको दोस्रो चरणको निर्वाचन प्रक्रियामा तपाईंले देउवालाई समर्थन गर्नुभयो । त्यसो हुनाले तपाईंले देउवासँग यसपटक मलाई जसरी पनि सहयोग गर्नुपर्यो भन्नुहुन्छ अब देउवा निवास गएर ?**

जसरी पनि त भन्न मिलेन । मलाई सहयोग गर्नुहोस् भन्छु । म उहाँको साथ, सहयोग, समर्थन र आशीर्वाद माग्छु । म भन्छु कि कदमजम जसको सैद्धान्तिक प्रतिपादक प्रदीप गिरी भए पनि राजनीतिक रूपले जन्म दिने, हुर्काउने, बढाउने, संरक्षण र सम्बर्द्धन गर्ने सम्पूर्ण श्रेय त सभापति देउवालाई नै जान्छ । उहाँले बारम्बार भनिरहनु भएको छ कि अब म युवालाई साथ दिन्छु, युवालाई अगाडि बढाउँछु । त्यसो हुँदा म युवा पनि हुँ । उहाँहरूको दाँजोमा म युवा नै हो । त्यसैले उहाँहरूले युवाहरूमा पार्टीको भविष्य देख्नुभएको छ । युवाको काँधमा पार्टीको भविष्यको जिम्मेवारी सुम्पन खोजिरहनु भएको छ । त्यसैले मलाई विश्वास के छ भने म उहाँको साथ, समर्थन, सहयोग र आशीर्वाद प्राप्त गर्न सक्छु । त्यसको निम्ति म प्रयत्न गर्छु ।

**कतै तपाईं सभापति लडेपछि केन्द्रीय सदस्य पद सुरक्षित हुन्छ भन्ने मनोभावले फेरि सभापतिको उम्मेदवार बन्न त खोज्दै हुनुहुन्न ?**

मलाई यो रमाइलो लाग्छ । धेरै साथीहरूले यस्तो कमेन्ट गर्नुभएको छ । तर, नेपाली कांग्रेसको केन्द्रीय सदस्य मनोनीत हुन कोही पनि सभापति लड्दैनन्, म मात्र होइन । फेरि, केन्द्रीय सभापति हारेका मात्रै मनोनीत हुनुभएको छैन, उपसभापति हारेको मनोनीत हुनुभएको छ । महामन्त्री हारेका मान्छे पनि मनोनीत हुनुभएको छ । हिजो पनि भएका थिए । आज पनि भएका छन् । केन्द्रीय सदस्य हारेको पनि मनोनीत हुनुभएको छ । त्यतिमात्रै होइन, प्रदेश सभापतिमा हारेको पनि केन्द्रीय सदस्य मनोनीत हुनुभएको छ । त्यसो हुनाले प्रदेशमा के चुनाव केन्द्रीय सदस्य मनोनीत हुन लड्छन् त ? होइन नि । मनोनीत त क-कसलाई गर्दा उचित हुन्छ ? सभापतिको त्यो व्यक्तिगत अधिकारको कुरा हो । मैले गएर उहाँलाई मलाई मनोनीत गर्नुहोस् भनेको होइन । म त उहाँले मनोनीत गर्दैगर्दा गाउँमा थिएँ । उहाँले मलाई मनोनीत गर्नुभयो । उचित ठानेरै मनोनीत गर्नुभयो होला । योग्य ठानेरै मनोनीत गर्नुभयो होला । मैले आजसम्म जे सोचेर मनोनीत गर्नुभयो, उहाँलाई हिनताबोध हुने गरेर कुनै काम गरेको छैन । पार्टीलाई दाग लाग्ने, आँच आउने किसिमले कुनै त्यस्तो गलत काम गरेको छैन । समाजलाई या राष्ट्रलाई आँच आउने कुनै किसिमको गलत काम गरेको छैन । युवापुस्तालाई आँच आउने कुनै काम गरेको छैन । म कदमजमथामुबाट प्रतिनिधित्व गर्छु र कदमजमथामुले पनि शीर निहुर्याउनुपर्ने गरेर मैले कुनै काम गरेको छैन । बरु कदमजमथामुले शीर उचो गरेर भन्न सक्ने स्थिति छ । कल्याण गुरुङ आज पनि इमानदार छ । हिजो पनि इमानदार थियो र भोलि पनि इमानदार भएरै देशको सेवा गर्छ, पार्टीको सेवा गर्छ ।

**उसो भए तपाईंका एजेन्डाहरू के-के छन् त ?**

पहिलो, जेनजीले उठाएका मागहरू सुशासन, भ्रष्टाचारमा शून्य सहनशीलता, समृद्ध नेपाल र सम्मुनत नेपालीको कुरा छ । राष्ट्रिय एकता, सामाजिक सद्भाव र धार्मिक संहिष्णुतासँगै राजनीतिक सद्भावसहितको राष्ट्रिय एकताको आवश्यकताको सवाल छ । त्यसलाई म अगाडि बढाउँछु । देशमा जुन किसिमको गरिबी छ, त्यो गरिबीलाई कसरी न्यूनीकरण गर्न सक्छौं ? अवसर नपाएकालाई कसरी दिन सक्छौं ? न्यायमा सबैको पहुँच कसरी हुन सक्छ ? सामाजिक न्याय सबैले कसरी प्राप्त गर्न सक्छन् ? सामाजिक सुरक्षा सबैले कसरी प्राप्त गर्न सक्छन् र त्यसमा नेपाली कांग्रेसको भूमिका के हुन्छ ?

दोस्रो, नेपाली कांग्रेसभित्र रहेका सबै उमेर समूहहरू र सबै विचार समूहहरूलाई म एकताबद्ध बनाएर पार्टीलाई एकताका साथ लिएर जान्छु ।

तेस्रो, नेपाली कांग्रेसलाई अझ बढी लोकप्रिय पार्टी बनाउन नीति कार्यक्रमहरू अझ बढी लोकप्रिय हुने किसिमले ल्याउँछु । नेपाली कांग्रेसको विधानमा के-के वैधानिक व्यवस्थाहरू गर्दा पार्टी अझ बढी गतिशील हुन सक्छ ? छलफल गरेर विधानमा केही संशोधन गर्ने काम गर्नेछु ।

त्यसैगरि, नेपालको संविधानको धारा १६ देखि धारा ४६ सम्म मौलिक हकका कुराहरू लेखिएका छन्, अन्य धाराहरूमा पनि छन् । तर, कानुन नबनेका कारणले ती मौलिक हक अधिकारको उपभोग गर्न पाएको छैन । संविधानको धारा ४७ मा प्रष्ट लेखेको छ कि तीन वर्षभित्रमा कानुन बनाएर कार्यान्वयन गर्नु भनेर । आज संविधान जारी भएको १० वर्ष हुँदाखेरि पनि ती कानुनहरू बनेका छैनन् । यसमा कांग्रेसले प्रयत्न गर्छ, यो अर्को एजेन्डा हो ।

संविधानको अनुसूची ५ देखि अनुसूची ९ सम्मका संघीय तहका अधिकार, प्रदेश तहका अधिकार, स्थानीय तहका अधिकार संघ, प्रदेश र स्थानीय तहको एकल र संयुक्त अधिकारहरू कानुन नबनेको कारणले कार्यान्वयनमा आएका छैनन् । ती कुराहरू कानुन बनाएर कसरी कार्यान्वयन ल्याउन सकिन्छ ? त्यो पनि मेरो एजेन्डा हो । त्यसैगरी देशभित्रका आवाजहरूलाई कसरी समेटेर संविधान संशोधनको माध्यमबाट हामीले राष्ट्रिय एकताको प्रत्याभूति दिन सक्छौं । त्यसमा नेपाली कांग्रेसको तर्फबाट के पहल हुन सक्छ ? म सभापति भए त्यसको निम्ति पहल गर्ने छु ।

**नेपाल विश्वको भ्रष्ट देशको १०८औं सूचीमा छ । देश भ्रष्टाचारले खोक्रो छ । तपाईं सभापति हुँदा कांग्रेस भ्रष्टाचारविरुद्ध निर्मम हुन्छ ?**

कांग्रेसले भ्रष्टाचार न्यूनीकरण गर्ने होइन । कांग्रेसबाट जाने प्रतिनिधिसभा सदस्यहरूले त्यो किसिमको कानुन बनाउनुपर्‍यो । प्रदेशसभा सदस्यहरूले त्यो किसिमको कानुन बनाउनुपर्‍यो । स्थानीय तहको कानुन त्यो किसिमले बनाउनुपर्‍यो र काम पनि गर्नुपर्‍यो । यदि, म नेपाली कांग्रेसको सभापति भएँ भने देशभित्रका इन्स्टिच्युसनहरूलाई सबल बनाउने, स्वतन्त्रपूर्वक काम गर्ने मौका दिने र राजनीतिक हस्तक्षेप नगर्ने परिपाटीको थालनी गर्छु ।

**तर, अहिले त सबै संवैधानिक निकाय राजनीतिक भर्ती केन्द्र भयो नि ?**

त्यसमा सुधार्नैपर्छ । त्यसलाई नसुधारिकन हामीले पुनः राजनीतिक हस्तक्षेपको माहोल सिर्जना गर्‍यौं भने राजनीतिक दलका केही नेताहरूलाई त्यसले पृष्ठपोषण त गर्ला तर आम जनतालाई त्यसले राम्रो गर्दैन र जनताभित्र आक्रोश बढेर जान्छ । हालैको जेन-जी विद्रोह यो एउटा पुस्ताको आक्रोश होइन नि, चारवटा पुस्ताको आक्रोश हो । चारवटा पुस्ताको आक्रोश जेन-जी समुदायको माध्यमबाट अभिव्यक्त भएको हो ।

देशभित्र सुशासन छैन, राजनीतिक अस्तव्यस्त जताततै छ, भ्रष्टाचार व्यापक छ, महंगी बढिरहेको छ, बेरोजगार बढिरहेको छ, देश खोक्रो हुँदै गइरहेको छ भन्ने कुरा त चार पुस्तादेखि सुन्दासुन्दा मानिसहरू वाक्कदिक्क थिए ।

# बालबालिकाले बल्ल पाउने भए पक्की भवनको कक्षा कोठा



**चौरभिग्म (कालिकोट)–** श्री जनता आधार भूत विद्यालयका बालबालिकाले बल्ल पक्की भवनका कक्षा कोठामा बसेर पढ्न पाउने भएका छन् । तिलागुफा नगरपालिका-१ चौरभिग्मस्थित सो विद्यालय भवनलाई २०७२ वैशाख १२ गतेको विनासकारी गोरखा भूकम्प एवं वि.सं. २०७९ को वर्षाका कारणले केही क्षति पुऱ्याएको थियो ।

हालसम्म बालबालिका त्यही क्षतिग्रस्त भवनको कक्षा कोठामा पढ्न बाध्य थिए । भूकम्प गएको करिब १० वर्षपछि विद्यालयको हाताभित्र नयाँ तीनकोठे पक्की भवन तयार भएको हो ।

नेपाल रेडक्रस सोसाइटी कालिकोट शाखाले तिलागुफा नगरपालिकासँगको सहकार्यमा विद्यालय भवन बनाउन सहयोग गरेको हो । लक्जम्बर्ग रेडक्रसको आर्थिक एवं प्राविधिक सहयोगमा यहाँ सञ्चालित 'एकीकृत पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रमले भवन बनाउन सहयोग गरेको हो । विद्यालयकी शिक्षिका रञ्जना अधिकारीका अनुसार वि.सं. २०६४ मा स्थापना भएको सो विद्यालयमा हाल ४० बालबालिकामात्र अध्ययन गर्दछन् ।

यसपछि थप अध्ययन गर्न यहाँका बालबालिका मालिका माविमा जाने गर्दछन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कर्णजीत बुढाले भने, 'कक्षा कोठा नहुँदा बालबालिका कहिले खुला चौर त कहिले जीर्ण भवनका कोठामा बस्न बाध्य थिए । बल्ल नयाँ भवन बन्यो । यसका लागि तिलागुफा नगरपालिकाका मेयर र नेपाल रेडक्रसलाई धन्यवाद दिन चाहन्छु ।'

नवनिर्मित भवनको अवलोकन गर्न यहाँ आइपुगेका तिलागुफा नगरपालिकाका प्रमुख शंकरप्रसाद उपाध्यायले आगामी दिनमा विद्यालयलाई आवश्यक पर्ने अन्य स्रोत साधन सहयोग गर्ने जानकारी दिए । यस विद्यालयमा अतिविपन्न समुदायका बालबालिका अध्ययन गर्दछन् । नगरप्रमुख उपाध्यायको विशेष सक्रियतामा विद्यालयको नयाँ भवन बनेको हो ।

तिलागुफा-१ का वडाध्यक्ष मनबहादुर बुढाले बालबालिका चौरमा बसेर पढ्नुपर्ने अवस्था अन्त्य भएको र आगामी दिनमा विद्यालयलाई आवश्यक पर्ने स्रोतसाधन उपलब्ध गराउन वडाले पहल र समन्वय गर्ने जानकारी दिए । नेपाल रेडक्रस सोसाइटीकी निर्देशक मोना अर्यालका अनुसार विनासकारी गोरखा भूकम्पबाट क्षति भएका विद्यालय भवन र अन्य विपद्बाट क्षति भएका विद्यालय, स्वास्थ्य सस्था, खानेपानीका संरचनाजस्ता सार्वजनिक संरचनालाई पुनर्निर्माण गर्न नेपाल रेडक्रसले निरन्तर सहयोग गर्दै आएको छ ।

'एकीकृत पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम'का जिल्ला संयोजक रवि लामिछाने विकट क्षेत्रका समुदायका मागलाई सम्बोधन गर्न कार्यक्रमले आफ्ना गतिविधिमा नगरपालिकालाई सहयोग गरिराखेको जानकारी दिए ।

**शौच गर्न जंगल छिर्नुपर्ने अवस्थाको अन्त्य**

सत्यदेवी माध्यमिक विद्यालयका बालबालिकाले घरबाटै खानेपानी लिएर विद्यालय आउन नपर्न भएको छ । तिलागुफा नगरपालिका वडा ६ जुविथास्थित बालीचौरस्थित सो विद्यालयमा खानेपानीको सुविधा भएपछि वर्षौंपछि बालबालिकाले घरबाटै खानेपानी लिएर विद्यालय आउन नपर्ने भएको हो । वि.सं. २०३८ मा यो विद्यालय स्थापना भएको थियो । तिलागुफा नगरपालिकाले लक्जम्बर्ग रेडक्रसको आर्थिक एवं प्राविधिक सहयोगमा यहाँ सञ्चालित 'एकीकृत पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रममार्फत खानेपानीसहित शौचालय, विद्यालय भवनमा 'च्यानल गेट' राख्न सहयोग गरेको थियो ।

कक्षा ९ मा अध्ययनरत नर्जन शाहीले भने, 'विद्यालयमै खानेपानीको धारा जडान भएपछि घरबाटै खानेपानी लिएर विद्यालय आउनुपर्ने अवस्था र शौच गर्न जंगल छिर्नुपर्ने अवस्था अन्त्य भएको छ ।' जुनियर तथा युवा रेडक्रस सर्कल कार्यसमितिका अध्यक्षसमेत रहेका शाहीले भने, 'शौच गर्न जंगल छिर्नुपर्दा पठनपाठनमा समस्या भएको थियो । शौचालय बनेपछि सुविधा भएको छ । यसका लागि नेपाल रेडक्रसलाई धन्यवाद ।'

विद्यालयका प्रधानाध्यापक सनम शाहीले भने, 'विद्यालय भवनको तल्लो तलामा बालबालिका माथिल्लो तलामा गाईवस्तु हुन्थे । गाईवस्तुका गोबर सफा गरेर र गाईवस्तुलाई बाहिर धपाएरमात्र बालबालिका कक्षाकोठामा पस्नुपर्ने अवस्था थियो । भवनमा च्यानल गेटको व्यवस्था भएपछि विद्यालय भवनमा गाईवस्तु छिर्न बन्द भएका छन् ।' उनले विद्यालयमै खानेपानी सुविधा र शौचालय हुँदा विद्यार्थीको शैक्षिक गुणस्तरमाथि उठ्ने विश्वास व्यक्त गरे । *रासस*

# अरुण नदीमा रहेको अवैध क्रसर उद्योग सञ्चालनमा रोक

**भोजपुर–** भोजपुरको अरुण गाउँपालिका-६ लेगुवाघाटमा अवैधरूपमा सञ्चालन हुँदै आएको क्रसर उद्योग सञ्चालनमा रोक लगाइएको छ । कुनै पनि कानुनी प्रक्रिया पूरा नगरी विगत लामो समयदेखि चल्दै आएको उक्त उद्योग जिल्ला अनुगमन समितिले स्थलगत अनुगमनपछि बन्द गराएको हो ।

स्थलगत अनुगमनका क्रममा यो क्रसरले अवैधरूपमा प्राकृतिक स्रोतको दोहन गरेको पाइएपछि सञ्चालनमा रोक लगाइएको जिल्ला समन्वय समिति प्रमुख कमल थुलुङले जानकारी दिए । अन्य क्रसर उद्योगहरू अनुगमन भइरहेको उनको भनाइ छ । 'हामीले जिल्ला सञ्चालनमा रहेका क्रसर उद्योगको अनुगमन गरिरहेका छौं,' प्रमुख थुलुङले भने, 'कानुनविपरीत रहेका क्रसर उद्योगलाई कानुनी दायरामा ल्याउन बन्द गराउँदै आएका छौं । अनुगमनका क्रममा अवैधरूपमा सञ्चालनमा रहेको पाइएपछि लेगुवाघाटमा रहेको क्रसर उद्योगलाई बन्द गराएका छौं ।' यो क्रसर उद्योगले अनधिकृतरूपमा नदीजन्य पदार्थ उन्खनन् गरेको पाइएको प्रमुख थुलुङले जानकारी दिए । आवश्यक कानुनी प्रक्रिया पूरा नगरेसम्म सञ्चालनका लागि रोक लगाइएको उनको भनाइ छ । अवैधरूपमा चलिरहेको उक्त क्रसर उद्योग सञ्चालनमा रोक लगाएपछि विभिन्न व्यक्ति तथा समूहले सञ्चालनका लागि दबाब दिइरहेको उनले बताए ।

'राज्यको सम्पत्ति दोहन गर्न पाइँदैन,' उनले भने, 'सबै क्रसर उद्योगलाई कानुनी दायरामा ल्याउनका लागि आवश्यक कदम अघि बढाएका छौं ।' जिल्ला अनुगमन समितिले नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उन्खनन् बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७ विपरीत सञ्चालनमा रहेको जनाएको छ । पक्की पुलबाट ५०० मिटर, सडक मार्ग, खोला किनाराबाट २०० मिटर र हाइटेन्सन लाइनभन्दा १०० मिटर टाढाको दूरीमा क्रसर सञ्चालन गर्नुपर्ने कानुनी प्रावधन रहे पनि छ यो उद्योगले कुनै पनि प्रक्रिया पूरा नगरेको अनुगमन समितिले जनाएको छ ।

हाल यो क्रसर यो उद्योग लेगुवा-भोजपुर राजमार्गको पक्की पुलदेखि करिब ३०० मिटर उत्तर, अरुण नदी किनाराबाट ६० मिटरको दूरीमा सञ्चालनमा रहेको छ । बस्तीभन्दा ५०० मिटरभित्र भए बन्द गर्नुपर्ने प्रावधान रहेको छ । क्रसर भोजपुरको लेगुवा बजार र धनकुटाको राम बजारबाट ३५० मिटरभित्र रहेको समितिको ठहर छ । *रासस*

# भ्रष्टाचार नियन्त्रण आफैंबाट सुरु गर्न युवा पुस्ताको जोड

**चितवन–** 'आँखा चिम्म गरी सपनाको दुनियाँमा हराउनु पर्दैन, आफू सध्य छौं भने कोहीसँग डराउनु पर्दैन' । जेन-जी आन्दोलनका अगुवा अधिराज यादवले यो श्लोक वाचन गर्दा हलमा परर ताली बज्यो । जिल्ला प्रशासन कार्यालय चितवनको आयोजना तथा भ्रष्टाचारविरुद्धको अभियान चितवन एवं भ्रष्टाचारविरुद्ध नागरिक निगरानी संस्था, भ्रष्टाचारविरुद्ध जागरण अभियानले संयोजन कार्यक्रममा यादवले भ्रष्टाचारविरुद्ध सबैजना एकै ठाउँमा आउनुपर्नेमा जोड दिए ।

भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय दिवसका अवसरमा मंगलबार आयोजित सुशासन र सदाचार प्रवर्द्धनमा प्रतिबद्धता कार्यक्रममा उनले देशमा भ्रष्टाचार नियन्त्रण गर्न चाहने हो भने सुरुआत आफैंबाट गर्न आवश्यक रहेको बताए । उनले भने, 'राजनीतिक दलदेखि सरकारी कार्यालयसम्म र घरदेखि सहरसम्म जतातते भ्रष्टाचारको गन्धले गन्हाएको छ । यसलाई सुधार गर्न लाग्नुपर्छ ।' युवा पुस्ताले यो कुरा बुझेको बताउँदै उनले अहिलेको समयमा पनि भ्रष्टाचार नियन्त्रण गर्न नसके कहिल्यै नहुने बताए ।

जेन-जी अगुवा आयुष पौडेलले सार्वजनिक खरिद ऐनलाई परिमार्जन गर्दै सरकारी सेवाहरू प्रविधिमैत्री बनाउन सके भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने धारणा राखे । गत भदौ २३ र २४ गते भएको प्रदर्शन भ्रष्टाचारविरुद्ध मात्रै नभएर अब युवा जागे है भन्ने सन्देश भएको उनले बताए ।

हरेक स्थानमा जनताको सहभागितालाई आत्मसात् गर्दै अघि बढ्न सके भ्रष्टाचार नियन्त्रण गर्न सकिने उनको भनाइ थियो । दलहरूले गरेका राजनीतिक नियुक्तिदेखि कर्मचारीहरूको कमिसनसम्म भ्रष्टाचारको जालो मौलाएको बताउँदै उनले यसलाई रोक्न सबै आ-आफ्नो ठाउँबाट लाग्न जरुरी रहेको बताए । जेन-जी समूहका चितवन संयोजक आशीष सापकोटाले भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाजदेखि सबै एक हुन जरुरी रहेको बताए । अहिले देशमा केही परिवर्तन हुन्छ कि भन्ने आभाष भएको भन्दै उनले जनताको खबरदारीले नै देश बन्ने बताए । युवा पुस्ताको चाहनाअनुसार शासकहरू अघि नबढ्दा आफूहरू आन्दोलित बन्न बाध्य भएको उनको भनाइ छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले भ्रष्टाचार न्यूनीकरणका लागि युवा पुस्ताको भावनाअनुसार अघि बढ्न आवश्यक रहेको बताए । उनले भने, 'सबैले जिम्मेवारी लिएर भ्रष्टाचार नियन्त्रणमा लाग्नुपर्छ ।' युवा पुस्ताहरू यसमा चनाखो हुन आवश्यक रहेको उनको भनाइ थियो ।

सो अवसरमा बोल्ने वक्ताहरूले राजनीतिक दलका नेता एवं राज्य संयन्त्र चलाउने कर्मचारीहरू आफूबाट सुधार गर्दै जाँदा भ्रष्टाचार निवारण गर्न सहयोग पुग्ने बताए । त्यस अवसरमा संविधानसभा सदस्य विष्णुमाया परियार, भ्रष्टाचारविरुद्धको अभियान चितवनका संयोजक भीमबहादुर श्रेष्ठ, नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, रास्वपा चितवनका सभापति कृष्णप्रसाद भुषाल, नेपाल पत्रकार महासंघ चितवन शाखाका अध्यक्ष वसन्त पराजुलीलगायतले भ्रष्टाचार घरघरबाट हटाउन आवश्यक रहेको बताए । *रासस*

## Sarumarani Rural Municipality
## Office of Rural Municipal Executive
**Baddanda, Pyuthan**
**Lumbini Province, Nepal**

### Invitation for Electronic Bids

**Date of First Publication: 10th Dec, 2025**

1. The Office of Sarumarani Rural Municipal Executive, Baddanda Pyuthan invites electronic bids from Nepalese eligible bidders for works as mentioned below under National Competitive Bidding Procedure.

| Contract No. | Description of Works | Bid Document Fee (Nrs.) | Bid Securi-ties (Nrs.) | Estimated Price (With out VAT and Contingencies ) |
|---|---|---|---|---|
| SRM/NCB/ Works-09/082/83 | Construction of Kaliban Lift Sinchai | 3000 | 52,000 | 2,061,885.48 |
| SRM/NCB/ Works-10/082/83 | Construction of Sabik ward no. 3 and 4 lift sinchai | 3000 | 52,000 | 2,061,778.04 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Sarumarani Rural Municipal Executive, Baddanda, Pyuthan during office hours, Office website https://sarumaranimun.gov.np/. Contact No. 9857035752 and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egg.

**Chief Administrative Officer**

**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति: २०८२/०८/२४**

यस बैंकको निक्षेपकर्ता श्री नेवालाल झाको नाति, श्री बलभद्र झाको छोरा, श्रीमती अन्नपुर्ण देवी झाको श्रीमान्, सर्लाही जिल्ला, हनुमाननगर गा.वि.स. वडा नं ०१ घर भई हाल सर्लाही जिल्ला, गोडैटा न.पा., वडा नं ८ बस्ने वर्ष ७९ को श्री **शोभा कान्त झा** (ना.प्र.प.न ३५६९००७४, २०४३/०९/०१, सर्लाही) को मिति २०८२/०८/१२ गते असामायिक निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको छोरा धिरेन्द्र कुमार झाले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा धिरेन्द्र कुमार झाको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Khatyad Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Mugu**

### CORRECTION NOTICE

This is to notify all concerned bidders that the previously published dates mentioned in brackets for the Submission of Bid and Opening of Bid: 2082/09/22 (22nd Sep, 2026) contained a typographical error. The corrected dates are as follows:

- **Incorrect Date**
  Submission of Bid: Up to 2082/09/22 (22nd Sep, 2026) Opening of Bid: 2082/09/22 (6th January 2026)
- **Corrected Date**
  Submission of Bid: Up to 2082/09/22 (6th January 2026) Opening of Bid: 2082/09/22 (6th January 2026)

This correction notice shall be considered as an official amendment to the previously published bid invitation.

**Chief Administrative Officer**

## कटारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल ।**

### बोलपत्र स्विकृत गर्ने आशयको सुचना

प्रथम पटक प्रकाशित मिति :- २०८२/०८/२४

यस कार्यालयद्वारा प्रकाशित मिति २०८२/०७/१६ गतेको सूचना अनुसार Supply and Delivery of Sanitary Pads सम्बन्धि बोलपत्र आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेख भएको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सुचना प्रकाशित गरिएको छ।

**छनोट भएको बोलपत्रदाताको विवरणः-**

| सि.नं. | बोलपत्र नं. | कार्यको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रू. (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | KMUN/NCB/ Goods/14/2082-083 | *Supply and Delivery of Sanitary Pads* | Angel touch Hygiene Manufacturing Pvt.Ltd. Mahila Ghar Bhaisepati | **12,02,602.50** |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

## रूपशाला



### 'पीआर'को टाइटल गीत 'पीआर को चक्करले' सार्वजनिक

निर्देशक शोभित बस्नेतको निर्देशनमा बनेको फिल्म 'पीआर' को टाइटल गीत 'पीआर को चक्करले' सार्वजनिक भएको छ । यहीँ शुक्रबारबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्मको उक्त गीतको टाइटल गीत रिलिज गरिएको हो । गीतको भिडियोमा आरए सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी र आश्मा अधिकारीलाई देख्न सकिन्छ । सार्वजनिक गीतमा मानस राजको संगीत, मानस राज र समिक्षा अधिकारीको स्वर र शोभित बस्नेतको कोरियोग्राफी रहेको छ । गीत सलोमा युट्युब च्यानलमार्फत हेर्न सकिन्छ ।

बुधबार, २४ मंसिर २०८२ (Wednesday, 10 December 2025)

# 'गोबर गणेश'को पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'गोबर गणेश'को पोस्टर सार्वजनिक गरिएको छ । माघ १ गते रिलिज हुने चलचित्रको निर्माण पक्षले मंगलबार पोस्टर सार्वजनिक गरेको हो । पोस्टरमा चलचित्रका मुख्य दुई कलाकार मरिचमान श्रेष्ठ (बल्छी धुर्बे) र वर्षा शिवाकोटी फिचर्ड छन् । उनीहरू एकअर्काको अपोजिटमा रहेको पोस्टरले प्रस्ट पारेको छ । वर्षा रिक्सा चलाइरहेकी छन् भने सोही रिक्सामा बल्छी धुर्बे छन् । दुवै प्रशन्न मुद्रामा छन् । उनीहरूको मुहारले उनीहरू खुसीखुसी जिन्दगी बिताइरहेको प्रतित हुन्छ ।

पोस्टरले उनीहरू नगरपालिकाको फोहोर उठाउने कर्मचारीजस्ता देखिन्छन् । रिक्सामा फोहोर छ, फोहोर उठाउने डस्ट प्यान छ । बल्छीको गलामा सिठी छ । पृष्ठभूमिमा सहरका बाक्ला घर छन्, जो कीर्तिपुर सहर जस्तो देखिन्छ । पोस्टरमा कलर टोनजस्तो देखिने हरियो रङ छन् । यसले पोजेटिभ स्टोरी चलचित्रले भन्ने संकेत गरेको छ । तर, यसबारे निर्माणपक्षले केही जानकारी भने दिएको छैन । 'गोबर गणेश'लाई मरिचमान श्रेष्ठ (बल्छी धुर्बे)ले निर्देशन गर्दैछन् । छायांकन सकेको यो चलचित्र अहिले पोस्टप्रोडक्सनमा छ । पोस्टर सार्वजनिक गर्दै निर्देशक श्रेष्ठले 'गोबर गणेश' सानो पर्दामा जस्तै ठूलो पर्दामा पनि दर्शकबाट माया पाउने अपेक्षा रहेको बताए । दर्शकले मन पराउने विषय र प्रस्तुतिसहित आउन लागेकाले दर्शकको साथ पाउने उनको विश्वास छ ।




बल्छी धुर्बे फिल्मस्को प्रस्तुतिमा निर्माण भइरहेको यो चलचित्रमा बल्छी र वर्षासँगै विनोद न्यौपाने,पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानिया, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायत छन् । तारानाथ न्यौपाने चिफ एडी रहेको चलचित्रमा योगेश काजी शाहको बीजीएम, शंकर पाण्डेको प्रोडक्सन, शिवराम श्रेष्ठको डीओपी र विपीन मल्लको सम्पादन रहनेछ ।

# डा. पोखरेलको 'परेली' विमोचन

**काठमाडौं (प्रस)–** गीतकार एवं चलचित्र निर्देशक तथा निर्माता डा. सुबोधकुमार पोखरेलको गीति एल्बम 'परेली'को विमोचन गरिएको छ । काठमाडौंमा एक विशेष कार्यक्रमबीच उनका ६ वटा गीत संग्रहित एल्वम 'परेली' र दुईवटा गीतको भिडियो विमोचन गरिएको हो ।

वरिष्ठ चलचित्रकर्मी एवं गीतकार नीर शाह, चलचित्र पत्रकार प्रकाश सुवेदी, टेलिभिजन पत्रकार टीकाराम यात्री, गायक परियार र चलचित्र निर्माता सुनील पोखरेलले एल्वमको विमोचन गरेका थिए । डा. पोखरेलका यि गीतहरूमा दीपक शर्माको संगीत, नरेन्द्र बियोगीको एरेञ्ज रहेको छ भने राजेश पायल राई, अञ्जु पन्त, शीव परियार, प्रमोद खरेल, प्रवीण बेडवाल, रचना रिमाल र वेनिशा पौडेल जस्ता गायक गायिकाकाहरूको स्वर रहेको छ ।




संविधानसभाका सदस्यसमेत रहेका गीतकार डा. पोखरेलले गीतसंगीत क्षेत्रको विकास बिना राष्ट्रको विकास हुन नसक्ने भएकाले आफूले चिकित्सकीय क्षेत्रको अतिरिक्त चलचित्र र सांगीतिक क्षेत्रलाई पनि महत्व दिएको बताए । कार्यक्रममा पत्रकारद्वय सुवेदी र यात्रीले साहित्य, कला र संगीत बिनाको मानिस पशुतुल्य हुने बताउँदै डा. पोखरेलको गीति लेखन, चलचित्र निर्माता एवं निर्देशनको भूमिका प्रशंसनीय रहेको बताएका थिए ।

# बेलायतमा गुञ्जिँदै 'मंगोलियन हार्ट'

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय नेपाली ब्यान्ड 'मंगोलियन हार्ट' बेलायतमा पनि गुञ्जिने भएको छ । ब्यान्डले पहिलोपटक बेलायतमा लाइभ प्रस्तुति दिन लागेको हो । ब्यान्ड सदस्यहरू बुधबार (१० डिसेम्बर)मा लाइभ कन्सर्टका लागि नेपालबाट प्रस्थान गर्दैछन् ।

मुख्य कन्सर्ट १३ डिसेम्बरमा ह्यारो सेन्टर, लन्डनमा हुनेछ । यस विशेष कन्सर्टको आयोजना जीटी बेस इन्टरटेन्मेन्टले गरेको हो । कन्सर्टमा ब्यान्डका चर्चित गीतहरू लाइभ गुञ्जिनेछन् । ब्यान्डको 'पर्खाइमा', 'बादलपारिको देशबाट', 'गाजलु टीका', 'सुम्निमा', 'म मायाँ लाउँदिनँ', 'तिमीलाई देखेर', 'सायद तिम्रो बाटोमा'लगायत दर्जनौँ गीत हिट छन् ।

ब्यान्डका म्यानेजर तथा गिटारिष्ट बोबी लामाले कार्यक्रमको सबै तयारी पूरा भएको जानकारी दिए । 'हामी सबै तयार छौँ र युकेका दर्शकहरूलाई लाइभ प्रस्तुतिसँग जोडिन पाउँदा लालायित पनि छौँ,' उनले भने ।

३३ वर्षअघि सन् १९९२ मा स्थापना भएको मंगोलियन हार्टले लोक, स्लो रक, पप मेलोडीलगायत जनराका गीत गाउने गर्छ । ब्यान्डमा राजु लामासहित रिदम गीतारमा बबी लामा, ड्रममा सन्तोष थापा मगर, लिड गितारमा भुपेन्द्र बज्राचार्य, बेसमा पवन कपाली, बाँसुरीमा विनय महर्जन र मादलमा बाबुराजा महर्जन रहेका छन् ।

# टंकप्रसाद–रमादेवी पाठक पत्रकारिता पुरस्कारबाट तीन जना पुरस्कृत

**झापा (प्रस)–** भ्रष्टाचारको अन्त्य सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याएवापत तीन पत्रकारलाई टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । अन्तरराष्ट्रिय भ्रष्टाचारविरुद्धको दिवसका अवसरमा नेपाल पत्रकार महासंघ झापा शाखाले मंगलबार उक्त पुरस्कार वितरण गरेको हो ।

पुरस्कृत हुनेहरूमा पत्रकार इन्दु पूर्वेली, सुरेन्द्र भण्डारी र चिरञ्जीवी घिमिरे छन् । उनीहरूलाई नेपाल प्रेस काउन्सिलका अध्यक्ष डा कुमार आचार्यले नगद र सम्मानपत्रले सम्मान गरे ।

महासंघले हेम सरिता फाउन्डेसन अमेरिकासँगको सहकार्यमा भ्रष्टाचारविरुद्ध तथा सुशासन प्रवर्द्धनको क्षेत्रमा कलम चलाउने र पत्रकारितामार्फत सुशासनका लागि महत्वपूर्ण योगदान पुऱ्याउने पत्रकारलाई हरेक वर्ष रु ५० हजार ५५५ राशिको पुरस्कार वितरण गर्दै आएको छ ।

महासंघले यस वर्षको रु ५० हजार ५५५ राशिको पुरस्कारबाट चिरञ्जीवी घिमिरेलाई सम्मान गरेको छभने गत २०८१ को पुरस्कारबाट पूर्वेली र भण्डारी रु २५ हजार २२५ राशिका दरले सम्मानित भएका छन् ।

यसअघि सो पुरस्कारबाट राजबाबु शंकर पुरस्कृत भएका थिए । पुरस्कारका लागि रु पाँच लाख पाँच हजारको अक्षयकोष स्थापना गरिएको छ । सोही अक्षयकोषको ब्याजबाट पुरस्कार प्रत्येक वर्ष महासंघले पुरस्कार वितरण गर्दै आएको छ । यसैगरी लैंगिक हिंसाविरुद्ध कलम चलाउने जोस्ना श्रेष्ठ र रञ्जिता खड्कालाई महासंघले नगद रु पाँच हजारका दरले सम्मान गरेको छ ।

## रंगशाला

एनपिएल २०२५

# विराटनगरलाई हराउँदै सुदूरपश्चिम फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपिएल) जारी सिजनमा सुदूरपश्चिम रोयल्स फाइनलमा पुगेको छ । पहिलो 'क्वालिफायर' खेलमा विराटनगर किंग्सलाई ७७ रनले पराजित गर्दै सुदूरपश्चिम फाइनलमा पुगेको हो । पराजित विराटनगरले भने 'इलिमिनेटर' खेल्ने मौका पाउनेछ ।

सुदूरपश्चिमले दिएको १५६ रनको लक्ष्य पछ्याएको विराटनगर १४ दशमलव एक ओभरमा ७८ रनमा अलआउट भयो । जसमा फाफ डु प्लेसिसले सर्वाधिक ३६ रन जोडे पनि हार टार्न सकेनन् । सुदूरपश्चिमका स्कट कुगेलइन, अभिनाश बोहरा र हर्मित सिंहले दुई/दुई विकेट लिए ।

यसअघि कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ५५ रनको योगफल बनायो । सुदूरपश्चिमको लागि विनोद भण्डारीले सर्वाधिक ६३ रनको योगदान दिए । उनले ५२ बलमा तीन चौका र दुई छक्काको मद्दतमा ६३ रन बनाएका हुन् । यस्तै, आसिफ शेख र शेरडोन ज्याकसनले समान २०/२० रन जोडे । यसैगरी हरमित सिङले १४ रन बनाए भने इसान पाण्डेले १३ रन जोडे । यता बलिङतर्फ विराटनगरका प्रतिश जिसी र मार्सेन्ट दिलाङले समान दुई/दुई विकेट लिए भने सूर्य तामाङ र साम हेजलेटले समान एक/एक विकेट लिए ।

# पूर्वम्याराथन धावक केसीलाई २५ लाखसहित सम्मान गरिने

**काठमाडौं (प्रस)–** नेपाल सरकारले देशलाई पहिलो अन्तरराष्ट्रिय पदक दिलाउने पूर्वम्याराथन धावक एवं ओलम्पियन जीतबहादुर केसीलाई सम्मानस्वरूप नगद रु २५ लाख प्रदान गर्ने भएको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उहाँलाई सम्मान गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिए । पूर्वम्याराथन धावक एवं ओलम्पियन केसीले सन् १९७३ मा फिलिपिन्सको मनिलामा आयोजना भएको पहिलो एसियाली एथलेटिक्स च्याम्पियनसिपमा कास्य पदक हासिल गरेका थिए ।

मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा मन्त्री खरेलले मेहेलकुना-खटाङ-घुमखहरे त्रिकोणात्मक झोलुङ्गे पुल आयोजना, सुर्खेतलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तोक्ने निर्णय भएको पनि जानकारी दिए । बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । यस्तै, यातायात क्षेत्रसम्बन्धी सर्वोच्च अदालतका आदेशहरू कार्यान्वयन सम्बन्धमा दीपक सुवेदीको अध्यक्षतामा शरद अधिकारी र योगेन्द्रनाथ कर्माचार्य सदस्य रहेको जाँचबुझ आयोग गठन गर्ने निर्णयसमेत गरिएको छ ।

# एसिया कप खेल्ने नेपाली टोली घोषणा

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (यूएई) मा यही डिसेम्बर १२ देखि हुने एसिसी पुरुष यू-१९ एसिया कप खेल्ने नेपाली टोली घोषणा गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले अशोक धामीको कप्तानीमा १५ सदस्यीय टोली घोषणाा गरेको हो । टोलीको सदस्यमा नीरजकुमार यादव, दिलशाद अलि, अभिषेक तिवारी, सिब्रिन श्रेष्ठ, साहिल पटेल, दयानन्द मण्डल, निश्चल छेत्री, आसिस लोहार, नितेस पटेल, चन्दन रामरोशन विक, विपिन शर्मा, वंश छेत्री र युवराज खत्री रहेका छन् ।

नेपालको पहिलो खेल श्रीलंकासँग डिसेम्बर १३ तारिखमा राखिएको छ । यस्तै, दोस्रो खेल डिसेम्बर १५ मा बङ्गलादेश र तेस्रो डिसेम्बर १७ मा अफगानिस्तानसँग रहेको छ । यी खेल त्यहाँको सेभेन्स स्टेडियममा हुनेछन् । प्रतियोगितामा आठ टोली सहभागी हुनेछन् । समूह 'ए' मा भारत, पाकिस्तान, युएई र मलेसिया रहेका छन् । समूह 'बी' मा बङ्गलादेश, श्रीलंका, अफगानिस्तान र नेपाल रहेका छन् । प्रतियोगिताका खेल आइसिसी एकेडेमी र द सेभेन्स स्टेडियममा हुनेछन् । दुवै समूहबाट शीर्ष दुईमा रहने टोली डिसेम्बर १९ तारिखमा सेमिफाइनल खेल्नेछन् । उपाधि भिडन्त डिसेम्बर २१ तारिखमा हुनेछ ।


**साउदीमा रोजगार** — कम्पनी : GREEN COAST FERTILIZER COMPANY LIMITED IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/२३ | LT. No. 335018 | चलानी नं. ६०२४८६५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1000 | ३८,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २ गते (17th Dec. 2025) मा हुनेछ ।

